
# मिथिला विहारी नगरपालिका, तारापट्टी,
# धनुषा, मधेश प्रदेश




## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैंससास)
## रणनीति, २०८०

## शुभकामना

नेपालको मुल कानुन भनेको नेपालको संविधान हो । संविधानमा रहेका विभिन्न धारा तथा उप धाराहरुमा नागरिकको मौलिक हक अन्तर्गत समानताको हक, छुवाछुत तथा भेदभाव बिरुद्धको हक, शोषण बिरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरीकको हक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिलाको हक रहेको छ जसले समृद्ध नेपाल र सुखी नेपाली बन्न सहयोगी भुमिका खेल्ने छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैंससास) सम्बन्धी प्रावधानहरुको व्यवस्था गरेको छ । यसरी समाजलाई सबैको साझा समाबेशी र सहभागितामुलक सिद्धान्तका आधारमा सबैको आफ्नोपन भएको समतामुलक समाज निर्माणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैंससास) रणनीतिको ठुलो भुमिका रहनेछ ।

स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम,कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ । स्थानीय तहमा योजना तर्जुमा गर्दा वा कुनै पनि परियोजना संचालन गर्दा लैंससासको ठुलो भुमिका हुन्छ । लैंससास रणनीतिको सहि मानेमा उपयोग गर्न सके दिगो विकासका लक्ष्यहरु हासिल गर्न सजिलो हुनेछ । स्थानीय स्तरको माग र आबश्यकतालाई ध्यानमा राखि संचालन गरिने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा लैंससाससँग सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैंससास) रणनीति २०८०' तयार गरी प्रकाशित हुन लागकोमा मलाई धेरै खुसी लागेको छ ।

अन्तमा, यो रणनीति तयार गर्ने क्रममा आफ्ना बहुमूल्य सुझावहरू सहित निरन्तर सहयोग गर्नुहुने जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, अपाङ्गता भएका व्यक्तिहरू, आमा समूह, युवा समूह, विज्ञ समूह, महिला अधिकार कर्मी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरू प्रति आभार व्यक्त गर्न चाहन्छु । यो रणनीति तयार गर्न आर्थिक सहयोग गर्नुहुने मधेश प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र र डि.बि. कन्सल्ट प्रा.लि., बानेश्वर, काठमाडौं प्रति मिथिला विहारी नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ ।

............................
राजेन्द्र प्रसाद यादव
नगर प्रमुख

दस्तावेज / प्रतिवेदन

| | |
|---|---|
| दस्तावेज : | मिथिला विहारी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (लैससास रणनीति), २०८० |
| सहयोग | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधाम |
| परामर्शदाता : | जानकी कन्सल्ट प्रा.लि., लालबन्दी, सर्लाही |
| मिति : | २०८० |


कृतज्ञता ज्ञापन

मिथिला विहारी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगरपालिका प्रमुख श्री राजेन्द्र प्रसाद यादव, उप-प्रमुख श्री शोभादेवी साह, प्रमुख प्रशासकीय अधिकृत श्री रामदरश यादव तथा कार्यपालिका सदस्यहरू, कर्मचारी वर्गहरू, उद्योगी व्यापारी तथा समाजसेवी लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

जानकी कन्सल्ट प्रा.लि.
लालबन्दी, सर्लाही

## दुई शव्द

स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम,कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूसहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ । त्यस्तै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार  तल्लोस्तर बाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी महिला तथा अल्पसंख्यक समुदायको सहभागीतामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पछाडि पारिएको /परेको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनोटमा जोड  दिँदै लैंससास प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ ।

नेपालको संविधानले दिएको महिला अधिकार सम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको /परेको वर्ग, अल्पसंख्यक, सीमान्तकृत, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु आजको समयको माग तथा आवश्यकता हो ।

दिगो विकासका लक्ष्यहरू हासिल गर्ने नेपालको प्रयत्नमा मिथिला विहारी नगरपालिकाको 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८०' को पनि भूमिका रहन्छ भने अपेक्षा गरिएको छ । यसरी माग तथा आवश्यकतालाई मध्यनजर राख्दै नगरपालिका सञ्चालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा लैंससाससँग सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (लैंससास) २०८०' तयार गरी प्रकाशित हुन लागकोमा मलाई धेरै खुसी लागेको छ ।

............................
शोभा देवी साह
नगर उप प्रमुख

## विषय सुची


शुभकामना ........ २

दुई शव्द ........ ४

परिच्छेद- १ पृष्ठभुमि तथा परिचय ........ ६

१.१ पृष्ठभुमि ........ ६

१.२ मिथिला विहारी नगरपालिकाको परिचय ........ ६

१.३ लैंससास रणनीति निर्माणको विधी तथा प्रकृया ........ ८

क) सन्दर्भ सामग्रीको अध्ययन ........ ८

ख) तथ्याङ्क संकलन तथा विश्लेषण ........ ८

ग) कार्यशाला ........ ८

१.४ लैंससास मुख्य शब्दावलीहरु ........ ८

परिच्छेद- २ लैंससासको वर्तमान अवस्था, सामाजिक, आर्थिक तथा राजनैतिक पक्षहरु ........ ११

२.१ लैंससासमा सामाजिक, आर्थिक तथा राजनैतिक पक्षहरु ........ ११

२.२ सरोकारवालाहरुको पहिचान तथा विश्लेषण ........ ११

२.३ मिथिला विहारी नगरपालिकाको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती ........ ११

परिच्छेद- ३. रणनीतिको दीर्घकालीन सोंच लक्ष्य र उदेश्यहरु ........ १३

३.१ दीर्घकालीन सोंच ........ १३

३.२ लक्ष्य ........ १३

३.३ उदेश्यहरु ........ १३

परिच्छेद-४. रणनीति तथा कार्यनीति ........ १४

परिच्छेद- ५. रणनीति कार्यान्वयनको खाका ........ १८

परिच्छेद-६. रणनीतिको कार्यान्वियन पद्धती ........ २२

परिच्छेद- ७. रणनीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरुको न्यूनीकरण ........ २५

अनुसुचीहरु ........ २६

अनुसुची १- अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठीका माईन्युट, कार्य सम्पन्न पत्र तथा फोटाहरु ........ २७

अनुसुची २- मस्यौदा प्रतिवेदन प्रमाणीकरण कार्यशाला गोष्ठीका माईन्युट, कार्य सम्पन्न पत्र तथा फोटाहरु ........ ३०

# परिच्छेद- १ पृष्ठभुमि तथा परिचय

## १.१ पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनाले लैङ्गिक बिभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातीक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । त्यसैगरी संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हकको व्यवस्था गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी प्रावधानहरुको व्यवस्था गरेको छ ।

राष्ट्रिय योजना आयोगले पन्ध्रौ योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरुलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच पुरा गर्न आउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेको छ । उक्त सोच प्राप्त गर्ने  आधार योजनाको रुपमा पन्ध्रौ योजना तर्जुमा गरिएको छ । यहि तथ्यलाई ध्यानमा राखी लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने  लक्ष्य लिएको छ ।

## १.२ मिथिला विहारी नगरपालिकाको परिचय

मिथिला विहारी नगरपालिका धनुषा जिल्लाका १८ बटा स्थानीय तह मध्ये मध्य भागमा पर्ने साविकको ६ वटा गाउँ बिकास समितिहरु (न.पा. का भूतही पर्टेवा, मिथिलेश्वर निकास, अन्दुपट्टी, तारापट्टी, सिरसिया, मिथिलेश्वर मौवाही, ठेरा कचुरी र कजरा रमौल) समाबेस गरी मधेश प्रदेश अन्तर्गतका स्थानिय तहहरु मध्ये मिथिला बिहारी नगरपालिका एक २०७३।११।२७ मा गठित स्थानीय तह हो ।  भौगोलिक रुपमा तराईको सुगम क्षेत्रमा अबस्थित रहेपनि मानव बिकास सुचकाङ्क तथा बिकासको दृष्टिमा पछाडि रहेको घना बस्ती भएको मिथिला राज्यको ऐतिहासिक परिक्रमा मेला मुख्य दुईवटा      (डोला) लगायतका घुम्ती शिबिर मध्ये मिथिला बिहारी भगवानको नामबाट स्थापित रहेको छ । हिन्दु धर्मको पबित्र स्थान सितामाताको अर्थात भगवान रामको ससुराली पहिचान बोकेको जनकपुर नगरी भएकोले यसले मिथिला बिहारीलाई थप पृथक पहिचान दिएको छ । धार्मिक दृष्टिले ऐतिहासिक रहेको मिथिला बिहारी (राम भगवान) को नामबाट मिथिला बिहारी भनी यस स्थानिय तहको नामाकरण गरिएको हो । मिति एक २०७४।०२ । ११ गते राजपत्रमा प्रकाशन गरी मिथिला बिहारी गा.पा. लाई नगरपालिकामा स्तरोन्नती गरियो तर लागु हुन सकेन । सर्बोच्च अदालतको मिति २०७४।०५।२७ मा जारी अन्तरिम आदेश अनुसार मिथिला बिहारी नगरपालिकालाई नगरपालिकामा परिणत गरियो । यस नगरपालिकाको क्षेत्रफल ३७.६० वर्ग की.मी. रहेको भने यस नगरपालिकाको पूर्बमा धनुपाधाम र हंसपुर नगरपालिका, पश्चिममा क्षिरेश्वरनाथ न.पा.,  लक्षमिनिया न.पा., उत्तरमा धनुषाधाम न.पा. र क्षिरेश्वर नाथ न.पा. तथा दक्षिणमा हंसपुर न.पा. र जनकपुर उ.म.न.पा. रहेका छन् ।

### प्रमूख धार्मिक/साँस्कृतिक स्थल तथा सरोबर

यस नगरपालिका क्षेत्र भित्र मिथिला बिहारी मन्दिर, परशुराम तलाउ, सितासरोवर, राधाकृष्ण मन्दिर, दुर्गा मन्दिर, शिबलिङ्ग, सहलेस मन्दिर, नगरडिहबार मन्दिर, तपेश्वरनाथ मन्दिर, ललिया ठाकुर मन्दिर तथा यस नगरपालिका अर्न्तगत सबै भन्दा ठूलो नदीमा जलाद एंवं जगधर नदी पर्दछन् ।

## धर्म, संस्कृति र जातजाती

यस नगरपालिका क्षेत्रमा हिन्दु धर्म मान्नेहरुको बाहुल्यता भए तापनि मुस्लिम धर्म मान्नेहरु पनि रहेको पाईन्छ । यस क्षेत्रमा जुडशितल जुन प्रत्येक नयाँ बर्षमा भब्यताका साथ यस क्षेत्रका बासिन्दाहरु ८७ ब्यञ्जन जस्ता मीठा प्रकारहरु खाई एकआपसमा नयाँ बर्षको शुभकामना अदान प्रदान गरी प्रवेश गरिन्छ । यस क्षेत्रमा आषाढे पूजा, कृष्णजन्माष्टमी, दशैं, दिपावली, छठ्ठ, जितिया, माघे संक्रान्ति १५ दिने मध्यमिकी परिक्रमा मेला, होली, ईद, बकरीद, रोजा आदी इत्यादी पर्बहरु मनाउने गर्दछन । यस क्षेत्रमा खास गरी यादव, साह, मण्डल जातिको बाहुल्यता भएपनी यहाँ चमार, डोम, मुसहर, हलखोर, दुसाध, धानुक, केबट, मुसलमान, हलुवाई, धोबी, हजाम, लोहार, सोनार, माली, ब्राम्हण, कायस्थ, कथबनिया, कोईरी, राजपुत आदी जातजातिहरुको मिश्रित बसोबास रहेको पाईन्छ ।

## जनसंख्या

यस नगरपालिकाको जनसंख्या ३८,२७३ रहेकोमा महिलाको ५०.६% (१९,३६६) र पुरुषको ४९.४% (१८,९०७) जनसंख्या रहेको छ । जहाँ कुल परिवार संख्या ७,६५४ रहेको छ । भने यहाँको कुल साक्षरता दर ६३.१% ( २४,१५१जना) रहेको छ जसमा महिलाको ५३.१% (१२,८२४ जना) पुरुषको ७३.७% (१७,८०० जना) साक्षरता दर रहेको छ । यहाँको कुल परिवार संख्या ७,६५४ रहेको छ भने महिला पुरुषको लैंङ्गिक अनुपात १००:९७.७२ रहेको छ । यस नगरपालिकाको कुल जनसंख्याको १.४% (५३६) अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । जसमा १.२% अपाङ्गता भएका महिलाहरु र १.५% अपाङ्गता भएका पुरुषहरु रहेका छन् । निम्न रेखाचित्रमा मिथिला विहारी नगरपालिकाको वडागत जनसंख्या प्रस्तुत गरिएको छ ।

**रेखाचित्र १: वडागत जनसंख्या**




रेखाचित्र १ अनुसार यस नगरपालिकाका १० वटा वडाहरु मध्ये वडा नं. ६ सबैभन्दा धेरै जनसंख्या ४,९६३ रहेको जसमा महिलाको संख्या २,४२४ र पुरुषको संख्या २,५३९ रहेको छ । त्यस्तै वडा नं. ९ सबैभन्दा कम जनसंख्या रहेको जसमा महिलाको संख्या १,०६२ र पुरुषको संख्या १,०८३ रहेको छ । यसरी हेर्दा महिलाहरुको जनसंख्या सबैभन्दा धेरै वडा नं. १ मा पाईन्छ । यस नगरपालिकामा घरजग्गामा महिलाको स्वामित्वलाई हेर्दा घरमा मात्र स्वामित्व हुने महिलाहरुको संख्या २.२% (५३५ जना), घरजग्गा दुवैमा स्वामित्व हुने १३.२% (३,२१३), जग्गामा मात्र स्वामित्व हुने १३.१% (३,१८८) तथा घरजग्गा दुवैमा स्वामित्व नभएका महिलाहरुको संख्या ७०.३% (१७,११०) रहेको पाईन्छ । साथै यस नगरपालिकामा सबैभन्दा बढी जनसंख्या १५ वर्षदेखि २९ वर्ष उमेर समुहको पाईएको छ । जसमा महिलाहरु १४.८% र पुरुषहरु १२.२% संख्यामा रहेका छन् ।

## १.३ लैंससास रणनीति निर्माणको विधी तथा प्रकृया

क) सन्दर्भ सामग्रीको अध्ययन

यो रणनीति तर्जुमा गर्ने क्रममा नगरपालिकामा उपलब्ध बिद्यमान नीति, नियम, कानुन, लैंससासमा भए गरेका प्रयासहरु आदि दस्तावेजहरुको अध्ययन गरियो । त्यसै गरि लैंससासमा निर्धारण भएका राष्ट्रिय प्रावधान, नीति तथा कानुन र व्यबस्थाहरुका साथै प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यविवरण आदिको अध्ययन गरियो ।

नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७ र प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ सँग सम्वन्धित विषय वस्तुका आधारमा रणनीति तर्जुमा प्रकृया तय गरियो ।

ख) तथ्याङ्क संकलन तथा विश्लेषण
राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदन, नगरपालिकाको-आधिकारीक-वेव साइटमा राखिएको तथ्याङ्कहरुको संकलन गरिएको थियो ।

ग) कार्यशाला
नगरपालिकाबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी तयार पारिएको खाकाका आधारमा नगरपालिकाका निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरु, नगरपालिकाका शाखा प्रमूखहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरु समेतको सहभागितामा नगरपालिका स्तरीय कार्याशाला आयोजना गरियो ।

जसमा स्थानीय तहलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको महत्व तथा कार्यान्वयन प्रकृयाका बारेमा छलफल गरियो । साथै नगरपालिकाहरुको बिद्यमान संगठनात्मक तथा मानव संसाधन व्यबस्थापन, लैंससास पूर्वाधार तथा सेवासुबिधा, नीति नियम तथा कानुनहरु र लैंससास क्षेत्रमा भए गरेका प्रयासहरु लगायतका विषयमा प्रस्तुतीकरण, बिश्लेषण साथै विषगत छलफल तथा अबस्था  गरिएको थियो ।

## १.४ लैंससास मुख्य शब्दावलीहरु

१. नाम र प्रारम्भ : यस रणनीतिको नाम **लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८०** रहनेछ र यसको प्रारम्भ स्थानीय सरकारले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

२. संक्षेपित  शब्दावली र परिभाषा
क) "स्थानीय तह" भन्नाले मिथिला विहारी नगरपालिका सम्भन्नु पर्छ ।

ख) "कार्यक्रम" भन्नाले मिथिला विहारी नगरपालिकाको निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्भन्नु पर्छ ।

ग) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई मिथिला विहारी नगरपालिकाको विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकतम उपयोग गर्ने प्रक्रिया सम्भन्नु पर्छ ।

घ) "योजना" भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको मिथिला विहारी नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्भन्नु पर्छ ।

च) “सामाजिक समावेशीकरण” भन्नाले  अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी सम्झनु पर्छ ।

छ) “सामाजिक बञ्चितिकरण” : लैङ्गिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु सम्झनु पर्छ ।

ज)“सामाजिक समावेशी सम्पर्क ब्यक्ति” भन्नाले मिथिला विहारी नगरपालिकाका लैंङ्गिक समानता तथा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ) “सामाजिक समावेशी बजेट” भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ञ) लैंङ्गिकता : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा लैंङ्गिक,यौनिक तथा अल्पसंख्यक  कारण समाजद्वारा उनीहरुलाई  दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण सम्झनु पर्छ ।

ट) लैंङ्गिक मूलप्रवाहीकरण : मिथिला विहारी नगरपालिकाको कुनै पनि योजनाबद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा  लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण सम्झनु पर्छ ।

ठ) लैङ्गिक समानता  :समाज तथा राज्यको सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता सम्झनु पर्छ ।

ड) लैंङ्गिक संवेदनशिल : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र लैंङ्गिक, यौनिक तथा अल्पसंख्यक विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु सम्झनु पर्छ ।

ढ) लैंङ्गिकमैत्री : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक लैङ्गिक अल्पसंख्यकहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार सम्झनु पर्छ ।

ण) “खण्डीकृत तथ्याङ्क“ भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

त) "गरिबी नक्शाङ्कन" गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसोबास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्दछ ।

थ) "लक्षित वर्ग/समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, लैङ्गिक, यौनिक तथा अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

# परिच्छेद- २ लैंससासको वर्तमान अवस्था, सामाजिक, आर्थिक तथा राजनैतिक पक्षहरु

## २.१ लैंससासमा सामाजिक, आर्थिक तथा राजनैतिक पक्षहरु

राजनैतिक हिसावले यस नगरपालिकाको वर्तमान अवस्थालाई हेर्दा महिला, दलित र जनजातिहरुको सहभागीता संविधानले व्यवस्था गरेको भन्दा बाहेक देखिदैन भने उनिहरुको निर्णायक भूमिका पनि असाध्यै कमजोर देखिन्छ । राजनीतिक दलमा लक्षित बर्गहरुको सहभागीता र नेतृत्व नगण्य छ । यसले के देखाउँछ भने महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, बिपन्न बर्गलाई राजनैतिक रुपमा अगाडी आउन अझै थुप्रै चुनौतिहरु छन् । यस नगरपालिकामा उक्त समुदायका अधिकांश ब्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जिवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन । यस नगरपालिकाको आर्थिक तथा प्राकृतिक सम्पदाको हिसावले प्रसस्त सम्भावना बोकेको नगरपालिका मानिए पनि बर्तमान स्थिती हेर्दा यस नगरपालिकाको आर्थिक सामाजिक क्षेत्रमा प्रशस्त लगानी तथा सकारात्मक प्रयासहरु गर्नु पर्ने देखिन्छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व बहन जस्ता आर्थिक, सामाजिक र राजनैतिक अवसरहरुमा महिला, दलित तथा पछाडी पारिएका बर्ग समुदाय र ब्यक्तिको समानुपातिक वा न्यायिक पहुँच हुन सकेको देखिदैन । नगरपालिकाबाट लैङ्गिक समानता तथा समाबेशी विकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिएका छन् ।

## २.२ सरोकारवालाहरुको पहिचान तथा विश्लेषण

क) यस नगरपालिका लगायत स्थानीय स्तरमा रहेका सहकारी, लघुबित्त वितीय संस्था, बैंक, ब्यापार संघ, राजनीतिक दलहरु, बिभिन्न संजालहरु, समन्वय समितिहरु, बिद्यालयहरु, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र बिभिन्न संघसंस्थाहरु साथै स्वास्थ्य संयम् सेविकाहरु यसका मुख्य सरोकारवालाहरु रहेका छन् ।

ख) यस नगरपालिका भित्रका बिभिन्न सरकारी, सघ संस्था, नीजि कार्यालयहरुले प्रदान गर्ने सेवा तथा सुबिधाहरुमा महिला, दलित तथा पछाडि परेका समुदायको पहुँचमा र निर्णय गर्ने क्षमतामा कमि हुन गएको छ । जसकारण उनीहरुले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायि वा लैङ्गिक संवेदनशिल हुन सकेन ।

यस क्षेत्रमा खास गरी यादव, साह, मण्डल जातिको बाहुल्यता भएपनी यहाँ चमार, डोम, मुसहर, हलखोर, दुसाध, धानुक, केबट, मुसलमान, हलुवाई, धोबी, हजाम, लोहार, सोनार, माली, ब्राम्हण, कायस्थ, कथबनिया, कोईरी, राजपुतहरुलाई मुलधारमा ल्याउनका लागि भुमिका खेल्नुपर्ने आवश्यकता देखिन्छ । तसर्थः उल्लेखित सरोकारवालाहरुसँगको सहकार्य अत्यन्त आवश्यक छ । छरिएर गरिएका प्रयासहरुलाई एकतृत गरी आवश्यक्ताका आधारमा सबै पक्ष र क्षेत्रबाट सामूहिक कार्यगत एकताले लाभान्वित बर्गलाई बढी फाईदा पुऱ्याउन सकिन्छ ।

## २.३ मिथिला विहारी नगरपालिकाको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती (SWOT Analysis)

| **सबल पक्ष** | **दुर्वल पक्ष** |
|---|---|
| ● जनप्रतिनिधि र कर्मचारी वीच सुमधुर सम्बन्ध<br>● नगरपालिकाबाट छोरी प्रोत्साहन भत्ता र छोरी विमा कार्यक्रम<br>● सम्पूर्ण कृषि योग्य जमिनमा सिंचाईको अभाव<br>● अपाङ्गता भएकाहरु व्यक्तिहरुलाई परिचय पत्र बितरण र भत्ताको व्यवस्था<br>● महिलाहरुको जनसंख्या ५०.६% हुनु (पुरुषको भन्दा | ● संकलित राजश्व समयमा दाखिला नहुनु<br>● राजश्वको दर र दायरावीच प्रभावकारी अध्ययन नहुनु<br>● खण्डीकृत तथ्याङ्कको अभाव<br>● महिला हिंसा, वालबिवाह<br>● घरजग्गा दुवैमा स्वामित्व नभएका महिलाहरुको संख्या ७०.३% |

| | |
|---|---|
| धेरै) | |
| **अवसर**<br>• आन्तरिक पर्यटन प्रवर्द्धनमा वृद्धि<br>• उद्योग व्यवसाय संचालनको सम्भावना<br>• आन्तरिक राजश्व क्षमता अभिबृद्धि<br>• कृषि क्षेत्रमा लगानी गरी उपायमा बृद्धि<br>• नमुना व्यावसायिक कृषि क्षेत्रको रुपमा विकास<br>• पूर्णखोप युक्त नगरको रुपमा घोषणा | **चुनौती**<br>• पर्याप्त नीति तथा कानुनी आधारको अभाव<br>• निर्मित कानुनी व्यवस्थाको फितलो कार्यान्वयन पक्ष<br>• संघ, प्रदेश र स्थानीय तहवीच समन्वयको अभाव<br>• राजनैतिक द्वन्द्ध<br>• खर्चको आवश्यकता तथा राजश्वको प्रभावकारी परिचालनको अभाव<br>• नगरपालिकाको आवधिक योजना तथा रणनैतिक विषयगत गुरुयोजनाहरुको अभाव |

## परिच्छेद- ३. रणनीतिको दीर्घकालीन सोंच लक्ष्य र उदेश्यहरु

यस नगरपालिकाको लैंससास सम्बन्धी दीर्घकालीन सोंच, लक्ष्य तथा उदेश्यहरु यस प्रकार छन्।

### ३.१ दीर्घकालीन सोंच

**हामी सबै बराबरी, समावेशी मिथिला विहारी**

### ३.२ लक्ष्य

**लैङ्गिक समानता तथा सामाजिक समावेशीताको संस्थागत मुलप्रवाहीरकण गर्नु।**

### ३.३ उदेश्यहरु

३.३.१. स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैंससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने।

३.३.२. संबिधानमा उल्लेखित लैंससास बारे भएको व्यवस्थाहरुको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, रणनीति, कार्यबिधि, लैंससास बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने ।

३.३.३. स्थानीय सरकार एवम् अन्य सेवाप्रदायक सरोकारवाला संस्थाहरु सहित लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने नीतिलिई समावेशिकरण तथा सहजिकरण गर्ने ।

३.३.४. नगरपालिकाको सवै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैंससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्ने।

## परिच्छेद-४. रणनीति तथा कार्यनीति

**रणनीति १.**

१.लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंङ्गिक उत्तरदायी बजेट मार्फत नगरपालिकाका संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैङ्गिक समानता र सबै जातजातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहिकरण गर्दै लगिने छ ।

कार्यनीति (रणनीति १.सँग सम्बन्धित)

क) नगरपालिकाको आवधिक एवंवार्षिक योजना, कार्यक्रम तथा बजेट चक्रमा नगरपालिकाले लैंससासमैत्री योजना र कार्यक्रम निर्माण गर्न पुँजीगत बजेटको कम्तिमा २.५ प्रतिशत बजेट छुट्याइने छ ।

ख) नगरपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुने गरी परिमार्जन र संशोधन गर्ने ।

ग) बढी भन्दा बढी अर्थपुर्ण जनसहभागीता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ ।

घ) सेवाप्रवाह संयन्त्र र प्रक्रिया लैंससासमैत्री हुने गरी सुधार एवं विकास गर्ने छ ।

ङ) लैंङ्गिक उतरदायी योजना तथा बजेट तर्जुमा तथा लैंङ्गिक लेखाजोखा बिधीलाई पुर्णरुपमा कार्यान्वयनमा ल्याईने छ ।

च) लैंससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजि कार्यशैली अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने छ ।

छ) लैङ्गिक उत्तरदायी योजना तथा बजेट मार्फत नतिजामुखी आवाधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्ने छ ।

ज) लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने छ ।

झ) लैंङ्गिक उत्तरदायी योजना तथा बजेटलाई स्थानीय सरकारले आन्तरिकीकरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिने छ ।

ञ) सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि योजना तर्जुमा गर्ने ।

ट) लैंससास नीति तय गरि नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैंससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।

ठ) सेवा प्रदायक निकायका सरोकारवालाहरुलाई लैंङ्गिक उत्तरदायी वजेट बिधी कार्यान्वयन सम्बन्धी सीप विकास गर्ने छ ।

ड) नगरपालिका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैंङ्गिक उत्तरदायी वजेट सम्बन्धी सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिने छ । यसका लागि आम सञ्चार माध्यमको प्रयोग गरिने छ ।

ण) कृषि, सहकारी, पर्यटन आदिको समुश्चित विकास एवं प्रबर्द्धन गरि नगरबासीको लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लगिने छ ।

**रणनीति २.**

१.लक्षित वर्ग/समूहको नगरपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई उनीहरुलाई सवल बनाई आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास गरि नगरबासीको लागि स्वःरोजगारीको ब्यबस्था गर्दै लगिनेछ ।

कार्यनीति (रणनीति २.सँग सम्बन्धित)

क) स्थानीय शासन सँग सम्बन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरुलाई संलग्न गराई लैंससास दृष्टिकोण पुनरावलोकन तथा निर्माण गरिने छ ।

ख) खण्डीकृत तथ्याक र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थिति विश्लेषण गरि गरिब तथा बञ्चितिकरणमा परेका समूहको पहिचान गरिने छ ।

ख. दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङ्गता भएका ब्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यनीतिलिई समावेशिकरण तथा सशक्तिकरण गरिने छ ।

ग) विविधताको सम्मान गर्ने बिपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वितीय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिने छ ।

**रणनीति ३.**

लैंससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएको व्यवस्थाहरुको सबै सरोकारवालाहरुसँग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि नगरपालिका लगायतका सेवाप्रदायक सरोकारवाला संस्थाहरुलाई लैंससास प्रति उत्तरदायी तथा जवाफदेही बनाउँदै लगिने छ ।
कार्यनीति (रणनीति ३ सँग सम्बन्धित)

क) स्थानीय नागरिक विशेष गरी पछाडी परेका वा पारिएका असक्त, गरीब तथा लक्षितवर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिबृद्धि गरी नगरपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक विकास गरिने छ ।

ख) सामाजिक संरक्षण र सुरक्षा विशेष गरि बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धी कार्यक्रमहरु लागु गर्दै लैजाने ।

ग) लैंससासका लागि संस्थागत र व्यक्तिगत दुबै क्षमता विकासका क्षेत्रहरू पहिचान गरि विभिन्न सचेतिकरण तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गराईनेछ ।

घ) नगरपालिकाका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघ-संस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासंघ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा ल्याइने छ ।

ङ) सबै समुदायका विपन्न महिला-पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा

पहुँच अभिबृद्धि हुने गरी नगरपालिकाको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र नगरपालिकाको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवं निरन्तर सञ्चालन गराईने छ ।

च) लैंससास सम्बन्धी जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यान्वयन गर्ने ।

छ) नगरपालिकाको प्रमुख एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई लैंससासको मूल अवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने ।

ज) लैंससास सम्बन्धी जानकारीमूलक र सूचना मूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यान्वयनमा ल्याईने छ ।

झ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईने छ ।

ञ) नगरपालिकाले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।

ट) लैंससास सम्बन्धी असल अभ्यास छनौट गरी सोको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने ।

ठ) लैंससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र नीजि कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्यांकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने ।

ड) लक्षित वर्गको आर्थिक अवस्थामा उल्लेखिय सूधार ल्याउन वित्तीय साक्षरता अभियान तथा आर्थिक अनुसाशन सम्बन्धी कार्यहरु निर्धारण गरी कार्यान्यवनमा ल्याउने ।

ढ) आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने र सबै वर्गलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता विकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।

ण) बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

कार्यनीति (रणनीति ४ सँग सम्बन्धित)

क) लैंससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजिकरण गर्ने ।

ख) आदिवासी जनजाति, दलित तथा पिछडा बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने र सबै वर्गलाई लक्षित गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता विकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।

ग) बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

घ) प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

**रणनीति ४.**

नगरपालिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैंससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने  र यसलाई संस्थागत गर्दै लैजाने ।

कार्यनीति - (रणनीति ४ सँग सम्बन्धित)

क) नगरपालिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैंससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने  र यसलाई संस्थागत गर्दै लैजाने छ ।

ख) लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था गराई सो अनुसार कार्यक्रम पहिचान गर्ने र लैङ्गिक विकासका असरहरुको अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति तय गर्ने छ ।

ग) नगरपालिका तथा वडा तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

घ) नगरपालिका तहमा गठन भएका लक्षित व्यक्ति, समुदायका संजाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

# परिच्छेद- ५. रणनीति कार्यान्वयनको खाका

| उदेश्यहरु | प्रमुख क्रियाकलापहरु | जिम्मेबारी र सहयोगि निकाय | समय अवधि | लक्षित वर्ग /समुह |
|---|---|---|---|---|
| उदेश्य १.<br><br>१.स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने । | १. नगरपालिकाको आवधिक एवं वार्षिक योजना, लैससास सम्बन्धि ऐन कानूननिर्माण गर्ने ।<br><br>२.नीति, निर्देशिका र कार्यविधिको अध्ययन विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुने गरी परिमार्जन र संशोधन गर्ने।<br><br>३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति वा रणनीति र क्षेत्रगत कार्यविधि निमार्ण गर्ने ।<br><br>४. लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत नगरपालिकाको  र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवम् निजि क्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैंङ्गिक तथा सामाजिक समावेशी परीक्षण गर्ने, गराउने ।<br><br>५. लैङ्गिक हिंसा, घरेलु हिंसा, बालबिवाह, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचार संहिता बनाई लागु गर्ने ।<br><br>६.अपाङ्गता भएका व्यक्तिहरूको अवस्थालाई मानब अधिकार को रुपमा मान्यता दिई उनीहरूका लागि बनेका सबै नीतिहरूमा  लैंससासको आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने ।<br>७. लैससास मैत्रि र सबैको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमा गरि कार्यान्वियन गर्ने।<br><br>८. लैससास सम्बन्धीमापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।<br>९.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुन:स्थापना र संरक्षण तथा पुन:स्थापना सम्बन्धी कार्यक्रम कार्यविधि | नगरपालिका, वडा कार्यालयहरू, केन्द्र र प्रदेश सरकार, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्रआदि । | १-३ बर्ष | १. लक्षित वर्ग /समुहका लागि<br><br>२. लक्षित वर्ग /समुहका लागि नीति, निर्देशिका र कार्यविधिको अध्ययन विश्लेषण प्रतिबेदन र परिमार्जन र संशोधन गरिएका दस्ताबेज र निर्णय माइन्यूट ।<br><br>३.संघ संस्थामा लैससास रणनीति भएको र सबै वडालाई सुरक्षित र मर्यादित बनेका रेकर्ड र प्रतिबेदन ।<br><br>४. लक्षित वर्ग /समुहका लैससास परीक्षण निर्णयहरु, प्रतिबेदन ।<br><br>५. पिडित महिला, बालबालिका किशोरी<br>६. अपाङ्गता भएका व्यक्तिहरु<br><br>७. लक्षित वर्ग /समुहका लागि<br><br>८. लक्षित वर्ग /समुहका<br>९. श्रमिकको पुनस्थापना र संरक्षण तथा |

| | | | | |
|---|---|---|---|---|
| | निमार्ण गरी संचालन गर्ने ।<br>१०.लैंगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त नगरपालिका घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने । | | | पुनःस्थापना सम्बन्धी योजना र कार्यक्रम कार्यबिधि र संचालन गरेको प्रतिबेदन र रेकर्ड ।<br>१०.लैंगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त नगर पालिका घोषणा गरिएका निर्णयहरु । |
| उदेश्य २.<br><br>२.संबिधानमा उल्लेखित लैससास बारे भएको व्यवस्थाहरुको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, रणनीति, कार्यबिधि, लैससास बारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने । | १. आर्थिक, सामाजिक,राजनीतिक, सास्कृतिक विश्लेषण गर्ने र विपद् व्यवस्थापन प्रणालि लैससास मैत्री बनाउने<br><br>२. नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैङ्गिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदायतहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>३.सबै वडाको लैससास सम्बन्धि खण्डीकृत तथ्याङ्क संकलन गरि अध्यावधिक गर्ने र सबै वडाको पार्श्वचित्र बनाउने ।<br><br>४.गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।<br><br>५. जनचतेना मूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने ।<br><br>६. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बिपन्न तथा एकल महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने ।<br><br>७. बिपन्न बर्गका लागि खानेपानी,वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो , गोबर ग्यास, खाद्य | केन्द्र र प्रदेश सरकार, वडा कार्यालयहरू, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | १-५ बर्ष | १. लक्षित वर्ग /समुहका<br><br>२. लक्षित वर्ग /समुहका क्षमता विकास र सचेतिकरणका बजेट, योजना र कार्यन्वयन गरिएका प्रतिबेदनहरु<br><br>३. लक्षित वर्ग /समुहका वास्तविक तथ्याङ्क सबै वडाको पार्श्व चित्रको प्रतिलिपि आदि ।<br><br>४. गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था भएको र प्रभावकारी रुपमा गुनासो सुनुवाईको रेकर्ड ।<br><br>५. जनचतेना मूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन प्रतिवेदन ।<br><br>६. महिला, बिपन्न तथा एकल |

| | | | | |
|---|---|---|---|---|
| | प्रशोधन आदि सञ्चालन गर्ने ।<br><br>७. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८. सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट सामाजिक उत्तरदायि बजेट सचालन गर्ने, सर्वसूलभ व्याजदर मा सहुलियत ऋण दिन स्वरोजगारको वातावरण सिर्जना गर्ने ।<br><br>९. वडाका सबै उपभोक्ता समितिहरू तथा संरचनाहरूमा महिला (कम्तिमा ३३%), दलित तथा अन्य सीमान्तकृत समुहहरूको निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सहभागिता सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने । | | | महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता<br><br>७. महिला, बिपन्न तथा एकल महिला, बालबालिका,<br><br>७. लक्षित वर्ग/समुह<br><br>८. बिपन्न तथा एकल महिला, दलित तथा विपन्न वर्गका व्यक्तिहरू<br><br>९.एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिएका निर्णयहरु। |
| उदेश्य ३. ३. नगरपालिका एवं अन्य सेवाप्रदायक सरोकारवाला संस्थाहरु सहित लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने नीतिलिई समावेशिकरण तथा सहजिकरण गर्ने । | १.नगरपालिकाको लैससास इकाई/शाखा स्थापना गर्ने ।<br><br>२.नगरपालिका र सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधन गर्दै स्तनपान कक्ष, शिशु स्याहार कक्ष आदिको ब्यवस्था गर्ने ।<br><br>३. लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br><br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।<br><br>५.लैससास पहुँच सुनिश्चितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br><br>६.पूर्वाधार तथा सामाजिक संरचनालाई लैससास मैत्री बनाउने । | केन्द्र र प्रदेश सरकार, वडा कार्यालयहरू, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्रआदि । | १-५ बर्ष | १. लक्षित वर्ग /समुहका लागि लैससास इकाई /शाखा स्थापना भएको ।<br><br>२.महिला बालबालिका<br><br>३.लैससास सम्पर्क व्यक्ति नियूक्त प्रत्रको प्रतिलिपि ।<br><br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक<br><br>५. लक्षित वर्ग/समुह<br><br>६. लक्षित वर्ग/समुह |
| ४. नगरपालिकाको | १.स्थानीय स्रोत तथा कृषि र पशुपालन | केन्द्र र प्रदेश सरकार, | १-५ | १. लक्षित |

| | | | | |
|---|---|---|---|---|
| सवै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गदै लैजाने । | सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सिर्जना गर्ने ।<br><br>२.नगरपालिका क्षेत्रभित्र कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।<br><br>३.परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।<br><br>४.सशक्तिकरण कार्यक्रम सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।<br>६.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।<br>७.लैससास विकासका असर अनुगमनको लागि प्रभावकारी कार्यविधि तथा पद्धति निमार्ण गर्ने ।<br><br>८.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरु बिच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनाउने । | वडा कार्यालयहरू, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | बर्ष | वर्ग/समुह<br><br>२. लक्षित वर्ग/समुहबाट प्राबिधिक जनशक्तिको नामावलि र लाभावन्ति समुहहरुको लिस्ट ।<br><br>३.आदिवासी जनजाति तथा दलित ।<br><br>४. लक्षित वर्ग/समुह<br>६ लक्षित वर्ग/समुह<br><br>७. लक्षित वर्ग/समुहको लागि कार्यविधि तथा पद्धति प्रतिलिपि र योजना तयार गर्दा समावेश प्रतिवेदन आदि।<br><br>८.अनुगमन संयन्त्र (संजाल) नामावली, कार्य विधि आदि । |

## परिच्छेद-६. रणनीतिको कार्यान्वयन पद्धती

**६.१ यस रणनीतिमा भएका प्रावधानलाई समावेशीताको अवधारणा अनुरुप प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको लैंससास रणनीति निर्देशक समिति रहनेछः**

नगरपालिका प्रमुख - संयोजक

उप प्रमुख - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सामाजिक विकास समितिका संयोजक, - सदस्य

कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना

महिला सहित संयोजकले तोकेका तीन जना -सदस्य

सामुदायिक संङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व

हुने गरी संयोजकले तोकेका तीन जना -सदस्य

सामाजिक विकास विभाग महाशाखा शाखाका प्रमुख - सदस्य सचिव

**यस लैंससास रणनीति निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ**

१. लैंससास रणनीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने ।

२. लैंससास रणनीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायबीच सहकार्य, सहजीकरण र समन्वय गर्ने गराउने।

३. लैंससास रणनीति सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवं सहयोग सम्बन्धी व्यवस्था गर्ने ।

४. लैंससास रणनीति सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।

५. लैंससासमैत्री नीतिहरूसँग सामञ्जस्यता स्थापना र आवश्यक सहयोग आदान प्रदान गर्ने ।

६. लैंससास मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू स्थापित गर्न सहयोग गर्ने ।

७. वडा कार्यालयहरुमा लैंससासका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।

८. योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैंससास रणनीतिको आबद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने।

९. सरकारी तथा गैह्रसरकारी सङ्घ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

१०. वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने ।

११. अन्तर्राष्ट्रियरुपमा गरेका लैंससाससँग सम्बन्धित प्रतिबद्धताहरु स्थानीयस्तरमा लागू एवं कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुर्‍याउने ।

१२. आर्थिक एवं सामाजिकरूपमा पछाडि परेका वर्ग, जात जाति, लिङ्ग, क्षेत्र एवं समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।

१३. लैंससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको आँकलन र जोखिम सम्बोधन गर्ने गराउने।

लैंससास रणनीति निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६.२ वडास्तरको लैंससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| क. वडा अध्यक्ष | संयोजक |
| ख. वडा समितिका सबै सदस्यहरु | सदस्य |
| ग. वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| घ. वडा बाल संजालको अध्यक्ष | सदस्य |
| ङ. वडा सचिव | सदस्य सचिव |

**६.३ निर्देशन तथा अनुगमन उपसमितिको काम, कर्तब्य र अधिकार**

क. योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित ब्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख. वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग. योजना कार्यान्वयनमा लैङ्गिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गर्ने ।

घ. वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गर्ने, गराउने र लैंससास परीक्षण गर्ने ।

ङ. वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च. वडास्तरमा लैंससास सम्वन्धि कार्य योजना, बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ. लैंससाससम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैंससासक्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ. यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

### ६.४ रणनीतिको कार्यान्वयन तथा अनुगमन सम्वन्धी व्यवस्थाः

निर्देशक समितिको निर्देशनमा सम्वन्धित महाशाखा, शाखा एवं निकायबाट रणनीति कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईनेछ। अनुगमन तथा सुपरीवेक्षण समितिबाट रणनीति कार्यान्वयनको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन पेश गरिनेछ।

### ६.५ रणनीति कार्यान्वयनका लागि अनुगमन प्रणाली

मिथिला विहारी नगरपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैङ्गिक तथा सामाजिक समावेशीकरण उद्देश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

## परिच्छेद- ७. रणनीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरुको न्यूनीकरण

लैससास रणनीति बिकास प्रयास, सुशासन, दीगो बिकासका लागि बिश्वव्यापीरुपमा अंगिकार गरिएको वहुविषयगत सवाल हो । यो बिषय विभिन्न बिषयगत क्षेत्रसँग अन्तर सम्बन्धित छ । यो बिषय बहुसरोकारको क्षेत्र भएको हुँदा सबैको सहभागिता र प्रयासमा मात्र यस सम्बन्धमा उत्पन्न समस्याको हल गर्न सकिन्छ र जोखिमहरुलाइ न्युनिकरण गर्न सकिन्छ । अभिमुखिकरणको निष्कर्ष अनुसार यहाँ केही सम्भावित जोखिम र जोखिम न्युनिकरण गर्न सकिने उपायहरु बारे उल्लेख गरिएको छ ।

| | |
|---|---|
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुँदा लैससास विषय स्थानीय सरकारको प्राथमिताामा पर्न नसक्नु । | • लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>• लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । |
| लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | • नगरपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>• वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>• लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासँग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| नगरपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु । | लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुननसक्नु । | • उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>• लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |

# अनुसुचीहरु

## अनुसुची १- अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठीका माईन्युट, कार्य सम्पन्न पत्र तथा फोटाहरु

आज मिति २०८०/०१/१६ गते मिथिला विहारी नगरपालिकाको तारापट्टी धनुषाका प्रमुख / उप–प्रमुख / प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र प्रसाद यादव ज्यू को अध्यक्षतामा सम्पन्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमाका लागि प्रारम्भिक वैठक तथा अभिमुखीकरणमा तपशील बमोजिमको उपस्थितिमा तपशील बमोजिमका निर्णयहरु समेत गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | सम्पर्क नं. | इमेल ठेगाना | ब्राम्हण, क्षेत्री, दलित, जनजाति | मा/पु/ अन्य | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | राजेन्द्र प्रसाद यादव | नगर प्रमुख | | | | | |
| २ | शोभादेवि साह | नगर उप-प्रमुख | | | | | [illegible] |
| ३ | राम शोभित दास | वडा अध्यक्ष | | | | | [illegible] |
| ४ | सुरेश कु. मण्डल | ,, ,, | | | | | |
| ५ | कृष्ण कु. बसन्त | ,, ,, | | | | | |
| ६ | प्रदिप यादव | ,, ,, | | | | | [illegible] |
| ७ | सुरेन्द्र कु. मण्डल | ,, ,, | | | | | [illegible] |
| ८ | बिन्देश यादव | ,, ,, | | | | | |
| ९ | संजय कुमार शर्मा | ,, ,, | | | | | [illegible] |
| १० | जिवछ यादव | ,, ,, | | | | | |
| ११ | बिन्देश्वर यादव | ,, ,, | | | | | |
| १२ | अजित नारायण झा | ,, ,, | | | | | |
| १३ | राम उदगार दास | कार्यपालिका सदस्य | | | | | [illegible] |
| १४ | नभुति शाह सुडी | ,, ,, | | | | | [illegible] |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | उर्मिला देवि पांडेत | कार्यपालिका सदस्य | | | | | |
| १६ | चन्द्र किशोर शाह | ,, ,, | | | | | उर्मिला |
| १७ | खुस्बु खातुन | ,, ,, | | | | | |
| १८ | रानो देवी | ,, ,, | | | | | [illegible] |
| १९ | अनिता देवि | ,, ,, | | | | | [illegible] |
| २० | चन्दर देवि | ,, ,, | | | | | अनिता |
| २१ | राम दरसन यादव | प्र.प्र.अ. | | | | | [illegible] |
| २२ | बिनोद लाल कर्ण | पशु अधिकृत | | | | | [illegible] |
| २३ | नन्दन कु. झा | ईन्जिनियर | | | | | |
| २४ | मुकेश कु. महतो | सहायक पाँचौं (प्रशासन) | | | | | |
| २५ | सुभाष कु. झा | लेखापाल | | | | | [illegible] |
| २६ | बिमलेन्द्र कु. यादव | सह-लेखापाल | | | | | [illegible] |
| २७ | सुनिता यादव | महिला विकास अधिकृत | | | | | [illegible] |
| २८ | बिपुल यादव | जन.स्वा.अ. | | | | | [illegible] |
| २९ | ललित यादव | रोजगार संयोजक | 9801687272 | lalit.dobroyo@gmail.com | मधेसी | पुरुष | |
| ३० | बिनाकु सिंह | सहायक महिला विकास | | | | | [illegible] |
| ३१ | पुनिता कु. मण्डल | प्रा.पु. | | | | | [illegible] |
| ३२ | बाल कृष्ण झा | लघु उद्यम | | | | | |
| ३३ | ओम नगत साह | ना.पु. | | | | | [illegible] |
| ३४ | गोबिन्द यादव | कृषि | | | | | [illegible] |
| ३५ | कृति मिश्रा | [illegible] | | | | | |

**प्रस्तावहरुः**

१. मिथिला विहारी नगरपालिकाको राजश्व सुधार

२. मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी अभिमुखीकरण र कार्यशाला गोष्ठी सम्बन्धमा।

३. बिबिध ।

**निर्णयहरुः**

**निर्णय नं. १.१:** मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने सम्बन्धमा छलफल गरियो साथै विज्ञ परामर्शदाता मार्फत सम्झौतामा तोकिएको समयसीमा भित्रमा क्षमता विकास योजना निर्माण सम्पन्न गर्ने निर्णय गरियो |

**निर्णय नं. १.२:** मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयारीमा आवश्यक सहयोग र समन्वय गर्नका लागि तपशिल बमोजिमका राजश्व सुधार परामर्श कार्यदल गठन गरियो ।

**क. राजश्व सुधार परामर्श कार्यदल**

१. अध्यक्ष प्रमुख अध्यक्ष श्री राजेन्द्र प्रसाद यादव

२. सदस्य उप–प्रमुख श्री शोभा देवी साह

३. सदस्य प्रमुख प्रशासकीय अधिकृत श्री रामचन्द्र यादव

४. सदस्य श्री जय राम राउत

५. सदस्य श्री ललित नारायण झा

६. सदस्य श्री खुशबु खातुन

७. सदस्य सचिव राजश्व शाखा प्रमुख श्री बिमलेन्द्र यादव


**निर्णय नं.२:** मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयारीका लागि अभिमुखीकरण कार्यशाला संचालन गरि सम्पन्न गरियो । साथै परामर्शदाता कम्पनीका विज्ञ सहजकर्ताहरूलाइ धन्यवाद ज्ञापन गर्दै गाउँपालिकाको राजश्व सुधार कार्ययोजना समयमै तयार गर्न सम्बन्धित विज्ञ समूह लाई पूर्ण सहयोग गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं.३:** मिथिला विहारी नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण पश्चात कार्यपालिका र नगरसभामा समेत लागि छलफल गर्दै अनुमोदन गर्ने निर्णय गरियो |





## अनुसुची २- मस्यौदा प्रतिवेदन प्रमाणीकरण कार्यशाला गोष्ठीका माईन्युट, कार्य सम्पन्न पत्र तथा फोटाहरु


DATE / /

१३. वडा अध्यक्ष-१० - श्री ललित नारायण झा

१४. कार्यपालिका सदस्य - श्री अनिता देवी यादव

१५. " " - श्री रामउदार दास

१६. " " - श्री रासो देवी मण्डल

१७. " " - श्री खुश्बु खातुन

१८. " " - श्री चन्द्र किशोर साह

१९. " " - श्री नथुनी साह सुरी

२०. " " - श्री उर्मिला देवी पंडित

२१. " " - श्री चन्दर देवी

२२. सुचना प्रविधि अधिकृत - श्री लक्ष्मी नारायण यादव


२३. राजश्व शाखा - श्री जयराम राउत

२४. प्रशासन शाखा - श्री मुकेश कु. महतो

२५. महिला तथा बालबालिका शाखा - श्री सुनिता यादव

२६. शिक्षा शाखा - श्री रिमा कुमारी झा

२६. का० स० श्री सुशिल कुमार यादव


मिथिला बिहारी नगरपालिका, तारापट्टी,
धनुषा, मधेश प्रदेश
मिथिला बिहारी नगरपालिका
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैसास)
रणनीति, २०८०
DELL


realme
Shot on realme 9 Pro+